## सूर्योदय नगरपालिकाको हेभी इक्वीपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि (दोस्रो संशोधन), २०८२

नगर कार्यपालिकाबाट स्वीकृत मिति:२०८२।०४।१६

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको हेभी इक्वीपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ लाई समय सापेक्ष संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको हेभी इक्वीपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ को परिच्छेद-३ को दफा १३ ले दिएको अधिकार प्रयोग गरि सूर्योदय नगर कार्यपालिकाले यो संशोधन स्वीकृत गरि लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको हेभी इक्वीपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि (दोश्रो संशोधन), २०८२" रहने छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "मूल कार्यविधि" भन्नाले सूर्योदय नगरपालिकाको हेभी इक्वीपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ लाइ सम्झनु पर्दछ।

३. मूल कार्यविधिको परिच्छेद-२ को दफा ४ को उपदफा (८) पछि देहाय बमोजिमको वाक्याशं थप गरिएको छ।

देहाय:

"त्यसरी मेशिन फिल्डमा खटाउँदा इन्धन तथा अन्य आवश्यक सामग्री कार्यालयले व्यवस्था गर्नु पर्नेछ।"